# खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

## प्रधान कार्यालय, काठमाडौं

## सतहमार्गबाट खाद्यवस्तु ढुवानीका लागि विद्युतीय माध्यमबाट बोलपत्र आह्वानको सूचना

**प्रकाशित मितिः २०८०।१०।१९**

यस कम्पनीको तर्फबाट आर्थिक बर्ष २०८०।०८१ मा कम्पनीको प्रादेशिक कार्यालय सुर्खेत देखि डोल्पा जिल्लाको धौ विक्री केन्द्र सम्म सतहमार्गबाट खाद्यबस्तु ढुवानी गर्नु पर्ने भएकोले PAN /VAT मा दर्ता भएका, ईच्छुक ईजाजत प्राप्त फर्म, संस्था वा कम्पनीबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रहने गरी विद्युतीय माध्यमबाट बोलपत्र आव्हान गरिएको छ।

१ विद्युतीय माध्यम www.bolpatra.gov.np/egp मार्फत वोलपत्र पेश गर्नुपर्नेछ। वोलपत्रदाताले मिति २०८०।११।२० गते दिनको १२:०० बजे सम्ममा वोलपत्र कागजातहरु खरिद/पेश गरी सक्नुपर्नेछ। वोलपत्रदाताले यस कम्पनीको कर्णाली प्रादेशिक कार्यालय, सुर्खेतको नेपाल बैंक लिमिटेड विरेन्द्रनगर शाखाको चल्ती खाता नं. १९४००१००८११४००००००२ मा KHADYA BEBASTHA TATHA BYAPAR CO LTD को नाममा वोलपत्रको दस्तुर जम्मा गरी सोको भौचर Scanning गरी विद्युतीय वोलपत्र साथ पेश गर्नु पर्ने छ। पेश हुन आएका बोलपत्रहरु सोहि दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा प्रधान कार्यालय, काठमाण्डौमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नरहेमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन। बोलपत्र बुझाउने तथा खोल्ने पूर्वनिर्धारित समयमा E-GP site मा सो सम्बन्धमा कुनै फेरबदल भै सो को सूचना प्राप्त भएमा सोहि अनुसार हुनेछ।

२ बोलपत्रदाताले बोलपत्रसाथ धरौटी वापत तोकिएको रकम र बोलपत्र दस्तुर यस कम्पनीको कर्णाली प्रादेशिक कार्यालय, सुर्खेतको नेपाल बैंक लिमिटेड विरेन्द्रनगर शाखाको चल्ती खाता नं. १९४००१००८११४००००००२ मा KHADYA BEBASTHA TATHA BYAPAR CO LTD को नाममा जम्मा गरेको सक्कल बैंक भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ।बोलपत्रदाताले विड बण्डको लागि धरौटी वापत बैंक जमानी राख्न चाहेमा बोलपत्र पेश गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन अवधिको बैंक जमानी राख्नु पर्नेछ। स्वीकृत बोलपत्रदाताले नियमानुसार धरौटी बापत नगद जम्मा गरी वा २०८१ साल पौष मसान्त सम्म अवधि रहेको "क" बर्गको बाणिज्य बैंकवाट जारी भएको बैंक जमानत पेश गरी सम्झौता गर्नु पर्ने छ।बोलपत्र स्विकृतिको सूचना पत्रिकामा प्रकाशित मितिले १५ दिन भित्र सम्झौता गर्न नआएमा बोलपत्र साथ पेश गरेको धरौटी, बैंक जमानत जफत हुनेछ।

३ कम्पनीको डिपो कार्यालय संचालनमा नरहेको स्थानमा वा डिपोमा कर्मचारी नभएको स्थानमा वा अस्थायी विक्री केन्द्रमा ढुवानीको लागि पटक पटक गरी बुझ्ने खाद्यान्नको प्राप्त गर्ने कार्यालयको निर्धारित बिक्री मूल्यले हुने रकम चलान गर्ने कार्यालय वा प्राप्त गर्ने कार्यालयको जिल्ला स्थित कम्पनीको कार्यालयमा ढुवानीकर्ताले अग्रिम रुपमा जम्मा गरी खाद्यान्न जिम्मा लिनु पर्नेछ । यसरी ढुवानी गरी तोकिएको स्थानमा पुऱ्याए पछि सम्बन्धित पालिकाको समन्वय र रोहवरमा खाद्यान्न प्राप्त गरी विक्री गरेको मुचुल्का, भरपाई, आदि कागजात तयार गरी यस कम्पनीको कार्यालयमा पेश गर्नु पर्नेछ।

४ बोलपत्रदाताले VAT/PAN दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, फर्म वा कम्पनी रजिष्ट्रेशनको प्रमाणपत्रको प्रतिलिपी, घोषणापत्र र तोकिए बमोजिमको नगद धरौटी वा बैंक जमानत सहितका कागजातहरु संलग्न गर्नु पर्नेछ।

५ आवश्यकता अनुसार ढुवानी परिमाण थपघट हुन सक्नेछ।

६ ढुवानी गर्नु पर्ने सेक्टरहरु, बोलपत्र दस्तुर, धरौटी रकम र ढुवानी हुने मोटामोटी परिमाण तथा अन्य विस्तृत जानकारीको लागि PPMO को E-GP Site www.bolpatra.gov.np/egp, कम्पनीको वेबसाईट www.fmtc.org.np मा समेत सूचना हेर्न सकिने छ।अन्य कुरा बुझ्न परेमा कम्पनीको प्रधान कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

७ प्राप्त बोलपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

८ यो सूचनामा उल्लेख भएका कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ र यस कम्पनीको खरिद तथा आर्थिक प्रशासन विनियमावली, २०७९ अनुसार हुनेछ।

**ढुवानी गर्नुपर्ने सेक्टर, मोटा मोटी परिमाण, धरौटी रकम, बोलपत्र दस्तुर आदिको विवरण निम्न बमोजिम रहेका छन्।**

| क्र.सं. | जिल्ला | खाद्यान्न ढुवानी सेक्टर | | आ.व. २०८०/०८१ मा ढुवानी हुने मोटा मोटी परिमाण (क्वी.) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. | बाटोको म्याद (दिन) |
|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | | |
| १. | डोल्पा | सुर्खेत | धो वि.के. | १००० | २२९६०० | ५००० | ३० |

**प्रधान कार्यालय, खरिद एकाई, भद्रकाली प्लाजा, काठमाडौं फोन नं ०१ ५२६०८४४ website:www.fmtc.org.np**

**e-mail: kharidekaifmtcl@gmail.com**